FIFA WORLD CUP RUSSIA 2018




# अस्ट्रेलिया र डेनमार्कले बराबरी खेले

मस्को, (एजेन्सी)

फिफा विश्वकप समूह 'सी' अन्तर्गत दोस्रो चरणको खेलमा अस्ट्रेलिया र डेनमार्कले १-१ गोलको बराबरी खेलेका छन्।

डेनमार्कले खेलको सातौं मिनेटमै क्रिस्टियन एरिक्सनको गोलमार्फत् सुरुवाती अग्रता लिएको थियो। तर खेलको ३८औं मिनेटमा अस्ट्रेलियाका लागि माइल जेडीनाकले पेनाल्टीमार्फत गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए।

डेनमार्कका युसुफ पल्सनको आषनो डी एरियामा ह्याण्ड गरेको भिएआरमार्फत देखिए अस्ट्रेलियाले उक्त पेनाल्टी पाएको थियो। जेडिनाकले पछिल्लो खेलमा फ्रान्सविरुद्धको २-१ को हारमा पनि पेनाल्टीमार्फत् नै एक गोल फर्काएका थिए।

यस बराबरीपछि समूहको पहिलो खेलमा पेरुलाई १-० ले हराएको डेनमार्कको २ खेलबाट ४ अंक भएको छ। यता पहिलो खेलमा फ्रान्ससँग २-१ ले हारेको अस्ट्रेलियाले भने आफ्नो पहिलो अंक जोडेको छ। योसँगै अस्ट्रेलियाले अन्तिम १६ मा पुग्ने आशा जीवित राखेको छ।




# फ्रान्स नकआउट चरणमा




मस्को, (एजेन्सी)

१९९८ को विश्व विजेता फ्रान्स रुसमा जारी विश्वकपअन्तर्गत नकआउट चरणमा पुगेको छ।

बिहीबार समूह 'सी' अन्तर्गत आफ्नो दोस्रो खेलमा फ्रान्सले दक्षिण अमेरिकी टोली पेरुलाई १-० गोलले हरायो। दोस्रो जितसँगै फ्रान्स अन्तिम खेल खेल्नुअगाडि नै नकआउटमा पुग्यो भने १९८२ पछि विश्वकप खेलिरहेको पेरु दुई हारसँगै प्रतियोगिताबाट बाहिरियो।

सो खेलमा कालीएन मबाप्पेले ३४औं मिनेटमा गोल गरेका हुन्। १९ वर्षका मबाप्पे जारी विश्वकपमा गोल गर्ने पहिलो फ्रान्सका युवा खेलाडीसमेत बनेका छन्। ओलीभर गिरोडको प्रहार गोलकिपरले छेके पनि बल मबाप्पेका खुट्टामा ड्रप भयो। उनले ट्याप गर्दै गोल गरेका थिए। यो खेल फ्रान्सका लागि गोलकिपर ह्युगो लोरिसको १ सयौं अन्तर्राष्ट्रिय सहभागिता थियो।

## प्लेयर्स टु वाच

# नेयमार जुनियर

(ब्राजिल)

नेयमार ब्राजिलियन टिमका मुख्य खेलाडी हुन्। स्ट्राइकरको भूमिकामा उनलाई सधैं विपक्षी रक्षापंक्तिको टाउको दुखाइका रूपमा हेरिन्छ। गत फेब्रुअरीमा खुट्टामा चोट लागेपछि भने उनले ३ महिना फुटबलबाट विश्राम लिए पनि स्विजरल्यान्डविरुद्ध समूहको पहिलो खेलमा उनको चोट बल्झेको विभिन्न सञ्चारमाध्यमले लेखेका थिए। स्विजरल्यान्डविरुद्धको खेलमा उनी १ दर्जन पटक फाउलका सिकार भएका थिए। दाहिने खुट्टामा चोट बोकेका नेयमारले फिट हुन कडा मेहनत गरेको तस्वीर सोमबार इन्स्टाग्राममा पोस्ट गरेका छन्। अहिलेसम्म पूर्णरूपमा फिट हुन नसकेका उनले चोटमुक्त हुन संघर्ष गरिरहेका छन्। मंगलबार प्रशिक्षण सत्रबाट दुखाइ महसुस गर्दै बाहिरिएका नेयमार बुधबार भने ट्रेनिङमा सहभागी भएपछि उनले कोस्टारिकाविरुद्ध खेल्ने तय भएको हो। ब्राजिल फुटबल संघले भने नेयमार कोस्टारिकाविरुद्धको खेलमा मैदानमा उत्रने स्पष्ट पारिसकेको छ। नेयमार सन् २०१० देखि ब्राजिलको राष्ट्रिय टोलीमा अटाउँदै आएका प्रमुख खेलाडी हुन्। यस क्रममा नेयमारले राष्ट्रिय टोलीबाट ८५ म्याचमा ५५ गोल गरिसकेका छन्।






## कोस्टाको गोलमा

# स्पेन विजयी

मस्को, (एजेन्सी)

२१औं संस्करणको फिफा विश्वकपमा स्पेनले पहिलो जित दर्ता गरको छ।

समूह 'बी' मा रहेको स्पेनले बुधबार राति भएको खेलमा एसियाली राष्ट्र इरानलाई निकै संघर्षपूर्ण खेलमा हराउँदै पहिलो जित दर्ता गरेको हो। स्पेनको जितमा डिएगो कोस्टाले गरेको गोल निर्णायक साबित बन्यो। पहिलो हाफसम्म गोलविहीन उक्त खेलको ५४औं मिनेटमा उनले गरेको गोल नै स्पेनलाई ३ अंक दिलाउन पर्याप्त बन्यो। खेलको अधिकांश समय इरानलाई दबाबमा राख्न सफल भएको स्पेनले प्राप्त अवसर भने सदुपयोग गर्न सकेन। यही अवस्थामा कोस्टाले स्पेनलाई जित दिलाएका हुन्। योसँगै कोस्टाले विश्वकपमा ३ गोल गरेका छन्। यसअघि पोर्चुगलविरुद्धको खेलमा उनले २ गोल गरेका थिए।

मोरोक्कोविरुद्ध अन्तिम समयमा आत्मघाती गोलको उपहार पाएर जित दर्ता गरेको इरान स्पेनसँगको खेलमा भने अभागी ठहरियो। खेलको ६२औं मिनेटमा इरानले बराबरी गोल फर्काएको थियो। तर भिडियो एसिस्टेन्ट रेफ्रीले उक्त गोललाई अफसाइडको संज्ञा दिएपछि इरान हारलाई स्वीकार्न बाध्य बन्यो।

जितसँगै स्पेनले विश्वकपमा पहिलो जित दर्ता गर्दै ४ अंक जोडेको छ। समूहको पहिलो खेलमा स्पेन पोर्चुगलसँग बराबरीमा रोकिएको थियो। त्यसअघि बुधबार नै भएको यसै समूहको अर्को खेलमा मोरोक्कोलाई १-० ले हराएको पोर्चुगलले पनि ४ अंक जोडेको छ। स्पेनसँग पराजित भएको इरान ३ अंकसहित समूहको तेस्रो स्थानमा छ। समूहको अन्तिम खेलले इरानको यात्राको टुंगो लाग्नेछ। स्पेनले समूह चरणको अन्तिम खेल मोरोक्कोसँग खेल्नेछ भने पोर्चुगलले इरानको सामना गर्नेछ। २ खेलमा अंक जोड्न नसकेको मोरक्को भने प्रतियोगिताबाट बाहिरिसकेको छ।



## टिट्स बिट्स

# महिलाप्रति अनादर

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकप रोमाञ्चकतातिर अग्रसर भइरहेको छ। मैदानभित्र खेलाडीको खेल देखिरहेको छ। त्यस्तै दर्शक पनि आ-आफना टोलीप्रति समर्थन गरिहरहेका छन्। तर केही समर्थक उपद्रोमा उत्रेका छन्। रुसमा विश्वकप हेर्न गएका दक्षिण अमेरिकाका केही फुटबल समर्थकले अर्को देशका महिलाप्रति अमर्यादित भाषामा बोलाएको सामाजिक सञ्जालमा पोस्ट गरेका छन्।

यो पोस्टमा धेरै आलोचना भइरहेको छ। एक भिडियोमा ब्राजिलका केही समर्थकले एक विदेशी महिलालाई घेरेर पोर्चुगिज भाषामा अमर्यादित शब्द प्रयोग गरेका थिए। ती महिलाले उक्त भाषा बुझ्दैनन्। अर्को भिडियोमा कोलम्बियाको समर्थक महिलासँग स्पेनी भाषामा अमर्यादित तरिकाले बोलिरहेका थिए।

कोलम्बियाको विदेश मन्त्रालयले ट्वीटरमा बताए- 'यसले केवल महिलाहरूको अपमान मात्रै होइन कि सभ्यता र संस्कृतिको पनि अनादर भइरहेको छ।'

त्यस्तै ब्राजिलस्थित महिलाको राष्ट्रिय परिषद्ले पनि यसको चर्को आलोचना गर्दै बतायो- 'यो अनादर हो। पूर्वाग्रह र सभ्यताको कमी दर्शाउँछ। यो अफसोचजनक हो।'

महिलाहरूलाई ठट्टाको पात्रो बनाएका एक ब्राजिली समर्थकको पहिचान भएको र उनलाई रुसबाट फर्केपछि ब्राजिलमा कारबाही गरिने बताइएको छ।

# खेलाडीको अनौठो अन्धविश्वास

लन्डन, (एजेन्सी)

विश्वकपमा सहभागी भएका फुटबलरहरूको अनौठो अन्धविश्वास सामुन्ने आइरहेको छ। यसमा केहीले अन्डरवेयर लगाएमा भाग्यशाली हुन्छ भन्ने अन्धविश्वासमा छन्। केही डाइटिङबाट सफल हुन चाहन्छन्। यसमध्ये कोलम्बियाका चर्चित गोलकिपर रेने हिगुइटा निलो अन्डरवेयर लाएमा सफलता हासिल हुन्छ भन्ने अन्धविश्वासमा थिए।

त्यस्तै जर्मन स्ट्राइकर मारियो गोमेज सफलता पाउन खेल अगाडि एकदम बायाँमा बनेको ट्वाइलेट प्रयोग गर्ने गर्छन्। गोमेजका साथी खेलाडी जुलियन ड्राक्सलेरले ठूलो खेलअगाडि परफ्युम लगाउने गर्छन्।

खेल मनोवैज्ञानिक डान अब्राहम्सले बताए- 'हरेक खेलाडी खेलअघि केही नियम राख्छन्। वास्तवमा उनीहरूको प्रदर्शनसँग यसको केही मतलब हुँदैन। तर खेलाडी यस्तै अन्धविश्वासमा पर्छन्।'

यसैगरी इंग्ल्यान्डका फिल जोन्स सेतो लाइनमा हिँडन मन पराउँदैनन्। जब कि ब्राजिलका डिफेन्डर मार्सेलो सधैं मैदानमा दायाँ खुट्टा पहिले राख्छन्। मोरोक्कोका हर्भ रेनार्डले सेतो कमिज लगाउँछन् जसले उनलाई अफ्रिकी कप अफ नेसन्समा सफलता दिलायो तर विश्वकपमा दिलाएन। फ्रान्सको १९९८ विश्वकप टोलीका खेलाडी खेलअगाडि गोलकिपर ब्राथेजको तालुमा हात लगाउने गर्थे। डिफेन्डर लोरेन्ट ब्लान्कले त उनको तालुमा चुम्बन गर्थे।

# टिभी एंकरले लुगा फुकाल्ने

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डका प्रसिद्ध टिभी सो एंकर रेचल रिलेले यदि विश्वकप इंग्ल्यान्डले फाइनल जितेमा आफ्नो सबै लुगा फुकाल्ने बताएकी छन्। विश्वकपमा पहिलो खेलमा इंग्ल्यान्डले ट्युनिसियालाई २-१ ले हराएपछि रिचेलले यस्तो बयान दिएकी थिइन्।

३२ वर्षीया रिचेलले ट्वीटरमा पोस्ट गर्दा उनका करिब ६ लाख फ्लोअर आश्चर्यमा परेका छन्। रिचेलको यो पोस्टमा उनका प्रशंसकले लेखे- 'पानामासँग इंग्ल्यान्डको खेल अहिले टाढा छैन। शंका छैन इंग्ल्यान्ड नै जित्नेछ। यसैले तपाईं बिस्तारैबिस्तारै लुगा फुकाल्न तयारी गर्नुस्।'



# भार्डीकी श्रीमती करोडौं खर्च गर्दै

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डका फुटबलर जेमी भार्डीकी श्रीमती रेबेकाहले आफ्ना चार बच्चाका साथ रुसमा विश्वकप हेर्न पुगेकी छन्। उनले रुसमा बस्नका लागि ११ सुटकेस प्याक गरेकी छिन्। बीबीसीले जनाएअनुसार उनका परिवार त्यहाँ बस्नका लागि उनले १ करोड ३५ लाख रुपियाँभन्दा बढी खर्च गर्नेछिन्।

रेबेकाहले रुसमा १ पाँचतारे होटलमा कोठा बुक गरेकी छिन्। त्यो कोठाको प्रतिदिन २२ हजारभन्दा बढी भाडा लाग्छ भने १ लाखभन्दा बढी रुपियाँ सुरक्षामै खर्च हुने पनि बताइएको छ।

रेबेकाहले बताइन्- 'हाम्रो समूह त्यहाँ एक कारणले पुगेका हौं। आफ्नो आफ्नो श्रीमान्लाई समर्थन गर्न। हामी गलत कार्यबाट चर्चामा आउन चाहन्नौं। श्रीमती र गर्लफ्रेन्डहरू पनि देशको प्रतिनिधित्व गर्छन्।'